नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

वैतडी

नेपाल सरकार
गृह म
कारागार व्य
कारागार का

## कारागार निरीक्षण प्रतिवेदन ।

मिति:२०७८/०१/३१

मिति २०७८।०१।३१ गते कारागार कार्यालय, वैतडी तथा कारागार परिसर भित्र रहेको व्यारेक निरीक्षण तथा अवलोकन गरियो। निरीक्षण क्रममा देखिएको अवस्था र सुझावहरु देहाय बमोजिम रहेका छन।

**निरीक्षण गर्ने पदाधिकारीः**

प्रमुख जिल्ला अधिकारीः श्री राजेन्द्र देव पाण्डे
प्रहरी नी. उपरिक्षकः श्री नारायण प्रसाद अधिकारी
प्र.अ. : श्री खगेन्द्र भारती

निम्नः

**कारागार आन्तरीक प्रशासन पदाधिकारीहरु :**

| | |
|---|---|
| चौकीदारको नाम- देब बहादुर पुन | नियुक्ति मिति -२०७७।०४।०१ |
| नाइकेको नाम - लेकेन्द्र बिषट | नियुक्ति मिति -२०७७।०४।०१ |
| सह नाइकेको नाम -दुर्गा दत भट्ट | नियुक्ति मिति -२०७७।०४।०१ |
| सह नाइकेको नाम -राम बहादुर चन्द | नियुक्ति मिति -२०७७।०४।०१ |

- ✓ हाल कारागार कार्यालय वैतडीमा ३५ जना थुनुवा पुरुष र ३९ जना पुरुष कैदी गरि जम्मा ७४ रहेको पाइयो।

**मुद्दा अनुसारको थुनुवा र कैदीहरुको विवरण :**

- ✓ जवरजस्ती करणीको मुद्दामाः १३कैदी र ९ थुनुवा गरी २२ जना।
- ✓ कर्तव्य ज्यानको मुद्दामाः फैसला भएका १३कैदी र ९ थुनुवा गरी जम्मा २२ जना।
- ✓ बहुविवाहको मुद्दामाः फैसला भएका पुरुष १ कैदी र १ थुनुवा गरी जम्मा २ जना ।
- ✓ लागू औषधमा रहेकाः १ कैदी र १ थुनुवा जम्मा २ जना।
- ✓ अवैध हातहतियार मुद्दामाः -१ थुनुवा।
- ✓ जबरजस्ती करणी उद्योग मुद्दामाः – २ थुनुवा।
- ✓ जबरजस्ती करणी तथा कर्तब्य ज्यान मुद्दामाः – २ कैदी।
- ✓ डाका चोरी मुद्दामाः – १ कैदी र १ थुनुवा गरी जम्मा २ जना ।
- ✓ सवारी ज्यान मुद्दामाः – २ थुनुवा।
- ✓ अपहरण तथा शरीर बन्धक र जबरजस्ती करणी मुद्दामाः – १ कैदी।
- ✓ मानब बेचबिखन र ओसारपसार मुद्दामाः – १ कैदी र १ थुनुवा गरी जम्मा २ जना।

- ✓ ज्यान मार्ने उद्योग मुद्दामाः – १ थुनुवा।
- ✓ नकबजनी चारी मुद्दामाः – २ कैदी।
- ✓ जबरजस्ती करणी तथा हाडनाता करणी मुद्दामाः – २ कैदी र ४ थुनुवा गरी जम्मा ६ जना।
- ✓ ब्यक्ती बेपत्ता पार्ने सम्बन्धी कसुर मुद्दामाः – १ थुनुवा।
- ✓ हातहतियार खरखजना चन्दा ऐन राज्य बिरूद्धको कसुर मुद्दामाः – १ थुनुवा।
- ✓ साधारण चोरी मुद्दामाः – १ कैदी पुरुष।
- ✓ कर्तब्य ज्यान, हातहतियार तथा अपराधिक उपद्रब मुद्दामाः – १ थुनुवा ।
- ✓ मानब बेचबिखन ओसारपसार र जबरजस्ती करणी मुद्दामाः – १ कैदी।

**<u>निरिक्षणका कर्ममा देखीएका तथ्यहरुः</u>**

- ✓ कारागार कार्यालयमा सुरक्षार्थ नेपाली सेना जमदार श्री शंकर न्यैपानेको नेतृत्वमा १२ जना कार्यरत रहेको र नेपाल प्रहरीका प्रहरी सहायक निरीक्षक श्री बल बहादुर देउवाको नेतृत्वमा ३ जना सुरक्षाकर्मी खटिएको पाईयो।
- ✓ ७० वर्ष भन्दा बढी उमेरको भएका बृद्ध ३ जना भएको पाईयो।
- ✓ कैदीबन्दी बस्न समस्या रहेकोले बन्दीगृह निर्माणको लागि पहल गर्नुपर्ने देखिएको।
- ✓ बिद्युतका लाईनहरु जिर्ण भई मर्मत तथा सुधार गर्नुपर्ने देखिएको।
- ✓ कारागार प्रशासनका कर्मचारी र सुरक्षा निकाय बीच पारस्परिक सम्बन्ध रहेको पाईयो।
- ✓ कारागार कार्यलय वैतडीमा जेलर का.प्र. नायब सुब्बा सहित ८ जना कर्मचारीहरुको दरबन्दी रहेको पाईयो।
- ✓ कारागारको केदी बन्दी राख्ने क्षमता संख्या २५ रहेकोमा क्षमता भन्दा वढी रहेको पाइयो।
- ✓ कारागार बाहिरको पर्खाल जिर्ण र पुरानो भई बेलावखत मर्मत गर्नुपर्ने रहेको। त्यसै गरी कारागारको पर्खालको भित्री भाग कमजोर र ठाउँ ठाउमा चर्केको देखिन्छ।
- ✓ निरीक्षणका क्रममा जेलर तथा कैदीबन्दीका नाईकेहरुले त्याहाँका समस्या विषयमा अवगत गरएको। सो क्रममा कैदीबन्दीले कोभिड-१९ संक्रमण फैलिएसँगै स्थान अभावका कारण देखाउदै आफ्ना कानून व्यावसायीहरुलाई भेटघाट हुन नपाउदा मुद्दाको अवस्था तथा परामर्श लिन नपाएको गुनासो राखेका। कारागार क्षमता २५ जना रहेकोमा दैनिक चाप बढ्दै गएको। कोभिड-१९ संक्रमण देखिएका कैदीबन्दीहरुलाई व्यवस्थित ढंगबाट राख्न र शौचालयको व्यवस्था गर्न कठिनाई रहेको बताएका छन।
- ✓ म्याद समाप्त भई वढी समय सम्म कैदी बन्दी नराखिएको देखियो।
- ✓ अनुगमनको क्रममा कारागार कार्यालयका जेलरको कार्यालय व्यवस्थापनको, प्रशासनिक तथा समन्वयकारी नेतृत्व तथा भूमिका राम्रो रहेको देखियो।
- ✓ कारागार कार्यविधि, २०७३ को कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो।

**<u>कैदी बन्दीको माग तथा गुनासाहरुः</u>**

- ✓ कैदीहरुले मुढा उत्पादन गरी विक्री वितरण गरि आम्दानी भएकोले अझ अन्य तालिमहरु माग गरेको।
- ✓ कैदीबन्दी क्षमता भन्दा वढी भई सुत्न बस्न समेत कठिनाई भएको।
- ✓ शौचालयको अभाव रहेको।
- ✓ कोभिड-१९ को समयमा पारिवारिक भेटघाटमा समेत समस्या रहेको।
- ✓ गर्मी बढेकाले बस्न गाऱ्हो भएको र पंखा समेत नभएका।